# भरतपुर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

वातावरण तथा विपद् व्यवस्थापन महाशाखा

बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं. ७४२५

मितिः २०८१।०२।१८

श्री सामुदायिक विद्यालयहरु सबै,
श्री संस्थागत विद्यालयहरु सबै,
भरतपुर महानगरपालिका, भरतपुर, चितवन ।

**विषयः विश्व वातावरण दिवस मनाउने सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा प्रत्येक वर्ष जुन ५ मा मनाउदै आइरहेको विश्व वातावरण दिवस यहि मिति २०८१ जेठ २३ गते पर्न गएको हुदाँ उक्त दिन भरतपुर महानगरपालिका नगरकार्यपालिका कार्यालयबाट तपसिल बमोजिमका कार्यक्रम गरी विश्व वातावरण दिवस मनाउने कार्यक्रम रहेको तपशिलमा उल्लेखित मितिमा तहाँ विद्यालय परिसरको सरसफाई र वृक्षारोपण कार्यक्रम गर्नुहुन अनुरोध छ ।

तपसिलः

- मिति २०८१।०२।२१ गते सबै सरकारी कार्यालय, महानगरपालिकाको वडा कार्यालयहरु सबै गैरसरकारी तथा वित्तीय संस्थाहरु सबैले आ-आफ्नो कार्यालय परिसर सफा गर्ने र वृक्षारोपण गर्ने ।
- मिति २०८१।०२।२२ गते यस महानगरपालिका भित्रका सबै टोल विकास संस्थाहरुले आ-आफ्नो टोल, सबै सामुदायिक र संस्थागत विद्यालय, क्याम्पस हरुले आ-आफ्नो शैक्षिक परिसर सफा गर्ने र वृक्षारोपण गर्ने ।
- मिति २०८१।०२।२३ गते विहान ७ बजे देखि महानगरपालिकाको समन्वयमा बाइपास सडकको जिल्ला प्रशासन चोक देखि आँपटारी चोक सम्म वृहत सरसफाई र विरुवा गोडमेल गर्ने साथै सरससफाई कार्यक्रम जिल्ला प्रशासन चोकबाट सुरु गरी आँपटारीमा समापन गर्ने उक्त सरसफाई अभियानमा सरकारी, गैरसरकारी संघ संस्था,टोल विकास संस्था, आमा समुह, युवा क्लब,शैक्षिक संस्थाहरू लगायत मुख्य सडक सँग जोडिएका आम नगरवासी हरुमा सहभागीताको लागि अनुरोध गरिन्छ ।

*नोटः महानगरपालिकाको सहकार्यमा विश्व वातावरण दिवस मनाउन चाहाने संस्थाहरुले आफ्नो कार्यक्रम सहित भरतपुर महानगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।*

(उपेन्द्रराज पौड्याल)
उप-सचिव

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

Scanned with CamScanner